# सहकारी विभाग
## संक्षिप्त परिचय



नेपाल को सरकार

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

नयां वानेश्वर, काठमाण्डौ

फोन नं : ४४६५५१७, ४४६५३६२

फ्याक्स नं. ४४६५५१७

इमेल : **sahakaribivag @ gmail.com**

## १. ऐतिहासिक पृष्ठभूमि :

सहकारीताको ईतिहास नेपाली समाजमा धेरै पहिले देखि कायम भएको देखिन्छ । ढिकुटी, पर्म तथा गुठीको रुपमा संचालित पूर्व सहकारीका स्वरुपहरु तत्कालिन अवस्थामा नेपाली समाजमा प्रचलित थिए । यिनै पूर्व सहकारीहरुलाई संस्थागत स्वरुप दिदै सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रुपमा विकास गर्ने र ग्रामिण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रुपमा सहकारी प्रणालीलाई उपयोग गर्ने अन्तर्राष्ट्रिय प्रयासलाई नेपालमा समेत आत्मसात गर्ने क्रममा वि.सं. २०१० सालमा तत्कालिन योजना, विकास तथा कृषि मन्त्रालय अर्न्तगत सहकारी विभागको स्थापना भयो ।

सहकारी विभागको स्थापना पछि श्री ५ को सरकारले सहकारी संघ/संस्थाहरुको स्थापना र संचालन सम्वन्धी कार्य गर्न वि.सं. २०१३ मा कार्यकारी आदेश जारी गऱ्यो । उक्त आदेशले दिएको अधिकार अर्न्तगत रहि चितवनको वखानपुरमा वि.सं. २०१३ चैत्र २० गते नेपालमा पहिलो पटक पाँचवटा सहकारी संस्थाको स्थापना भयो । उक्त निर्देशिका पछि जारी भएका सहकारी संघ/संस्था ऐन- २०१६ तथा नियमावली– २०१८ तथा साझा संस्था ऐन २०४१ बमोजिम सहकारी विभागले सहकारी संघ/संस्थाहरुको दर्ता, नियमन तथा प्रवर्द्धन लगायतका कार्यहरु गर्दै आएको थियो ।

## २. परिचय :

श्री ५ को सरकारले देश विकासको प्रयासलाई अगाडी वढाउन स्थानीय स्तरमा नै स्वावलम्वनको भावना जागृत गराँउदै आर्थिक विकासको लागि जनसहभागिता परिचालन गर्ने आधारको रुपमा सहकारी संस्थाहरुको स्थापना, संचालन र नियमन लगायतका कार्यमा प्रत्यक्ष रुपमा श्री ५ को सरकारको आधिकारिक निकायको रुपमा यो विभाग संलग्न रहेको थियो । वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुन:स्थापना पश्चात सहकारी संघ/संस्थाहरुलाई पनि जनता कै क्रियाशील सक्रियतामा नयाँ सोच र मान्यता अनुसार अगाडी वढाउनु पर्ने आवश्यकता महसूस भई सहकारी ऐन २०४८ तर्जुमा भई लागु गरियो ।

सहकारी ऐन २०४८ जारी भएपछि नेपालमा सहकारी मूल्य, मान्यता, भावना तथा सिद्धान्त अनुसार सहकारी संस्थाहरुको स्थापना र संचालन हुने कानूनी आधार निर्माण भयो । खुल्ला र प्रजातान्त्रिक वातावरणमा स्थानीय स्तरमा उत्पादन, उद्यमशिलता र नेतृत्व विकास गरी सदस्यहरुको आर्थिक, सामाजिक तथा सास्कृतिक विकासका लागि सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, नियमन र विकास गर्ने कार्यमा श्री ५ को सरकारको आधिकारिक निकायको रुपमा कृषि तथा सहकारी मन्त्रालय अर्न्तगत यो विभाग क्रियाशील रहेको छ ।

## ३. उद्देश्यहरु :

- देशमा छरिएर रहेका स-साना पूँजी तथा सीपलाई एकत्रित गरी सहकारीताको माध्यमवाट आफ्नो आवश्यकता आफैं पुरा गर्ने प्रकारका स्थानीय आर्थिक क्रियाकलाप वृद्धि गर्न सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी संघ/संस्थाहरुको स्थापना हुने वातावरण तयार गर्ने,
- सीमान्त वर्गको वाहुल्यता रहेको दुर्गम क्षेत्रसम्म आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासको आधारको रुपमा सहकारी प्रणालीलाई प्रवर्द्धन गर्ने,
- सहकारी प्रणालीलाई स्थानीय स्तरमा कृषि तथा गैह्न कृषिजन्य वस्तु तथा सेवाहरुको व्यावसायिकरण गर्ने माध्यमको रुपमा विकास गर्ने,

- सहकारी अभियानलाई विधिसम्मत र सिद्धान्तनिष्ठ ढंगवाट संचालन गर्न सम्वन्धित पक्षलाई अभिप्रेरित गर्ने,
- गरीवी निवारणको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि प्रभावकारी संस्थागत संयन्त्रको रुपमा सहकारी संघ/संस्थाहरुलाई परिचालन गर्ने ।

## ४. कार्यहरु:

उपरोक्त उद्देश्य प्राप्तिका निमित्त सहकारी विभागले देहाय अनुसारका कार्यहरु गरिरहेको छ ।

- श्री ५ को सरकारलाई सहकारी नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने,
- सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी संघ/संस्थाहरु संचालन गराउने,
- सहकारी संघ/संस्थाहरुको निरीक्षण, प्रतिवेदन लगायतका अनुगमन सम्वन्धी कार्यहरु गर्ने, गराउने,
- सहकारी संघ/संस्थाहरुको सूचना तथा तथ्याङ्कहरुको संकलन, विश्लेषण र प्रकाशन सम्वन्धी कार्य गर्ने, गराउने,
- सहकारी ऐन र नियमावली वमोजिम सहकारी संघ/संस्थाहरुको संचालन गर्ने, गराउने,
- सहाकारी संघ/संस्थाको संचालनको क्रममा देखिएका गतिरोधहरु हटाउन आवश्यक समन्वय गर्ने,
- सहकारी संघ/संस्थाको एकीकरण, विभाजन र विघटन गर्ने, गराउने,
- सहकारी कानून वमोजिम संचालन नहुने सहकारी संघ/संस्थाहरुलाई दण्ड/जरिवाना गर्ने/गराउने,
- सहकारी मूल्य, मान्यता तथा सिद्धान्त सम्वन्धी सहकारी शिक्षाका अतिरिक्त सहकारी संघ/संस्था मार्फत संचालन हुन सक्ने व्यावसायिक प्रकृतिका तालीमहरु संचालन गर्ने/गराउने,
- सहकारी संघ/संस्थाहरुको संचालन पद्धतिलाई व्यवस्थित गर्न आवश्यक सूचना, निर्देशिकाहरु जारी गर्ने,
- नेपालको सन्दर्भमा सहकारी सम्वन्धी अध्ययन, अनुसन्धान गर्ने गराउने,
- नेपालका सहकारी अभियानका सम्वद्ध पक्षहरुका वीचमा सहकारी क्रियाकलापको संचालनमा समन्वयात्मक भूमिका निर्वाह गर्ने,
- सहकारी क्षेत्रमा आवश्यक जनशक्तिको प्रक्षेपण तथा विकास गर्ने,
- प्रचलित कानून वमोजिम सहकारी संघ/संस्थाहरुलाई प्राप्त हुने राजश्व छुट/सुविधाका लागि आवश्यक सहयोग गर्ने,
- सहकारी सम्वन्धी दीर्घकालीन र अल्पकालीन सोच/ योजना तर्जुमा गर्ने गराउने,
- सहकारी सम्वन्धी राष्ट्रिय/ अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी, तालिम तथा अध्ययन भ्रमण लगायतका कार्यक्रममा प्रतिनिधित्व गर्ने, गराउने,
- विभाग अर्न्तगतका निकायहरुको व्यवस्थापन सम्वन्धी कार्यहरु गर्ने ।

## ५. सहकारी विभागको संगठनात्मक संरचना

श्री ५ को सरकार

कृषि तथा सहकारी मन्त्रालय

सहकारी विभाग



## ६. जनशक्ति विवरण

सहकारी विभाग र अर्न्तगतका कुल ४० कार्यालयहरुमा विभिन्न श्रेणी र समूहका कुल ५९४ जना कर्मचारीहरुको दरवन्दी रहेको छ । कर्मचारीहरुको श्रेणीगत विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं | पदनाम | सेवा/श्रेणी | विभाग | के.स.प्र. केन्द्र | डिभिजन कार्यालय हरू ३८ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | रजिष्ट्रार | रा.प.प्र. | १ | □ | □ | १ |
| २ | उप□रजिष्ट्रार | रा.प.द्वि. | १ | □ | □ | १ |
| ३ | प्राचार्य | ,, | □ | १ | ५ | ६ |
| ४ | उप□प्राचार्य | ,, | □ | □ | □ | □ |
| ५ | वरिष्ठ सहकारी अधिकृत | ,, | □ | □ | १ | १ |
| ६ | शाखा अधिकृत/प्रशिक्षक | रा.प.तृ. | ३ | ४ | □ | ७ |
| ७ | सहकारी अधिकृत | ,, | □ | □ | ४१ | ४१ |
| ८ | लेखा अधिकृत | ,, (लेखा) | १ | – | □ | १ |
| ९ | कानून अधिकृत | ,, (कानून) | १ | □ | □ | १ |
| १० | कृषि प्रशिक्षक | ,, (कृषि) | □ | १ | □ | १ |
| ११ | सहायक कृषि अर्थविज्ञ | ,, (कृषि) | १ | – | □ | १ |
| १२ | सहकारी निरीक्षक | रा.प.अनं.प्र. | □ | □ | ७६ | ७६ |
| १३ | ना.सु. | ,, | ५ | २ | □ | ७ |
| १४ | कम्प्यूटर अप्रेटर | ,, (विविध) | १ | १ | ६ | ८ |
| १५ | लेखापाल | ,, (लेखा) | १ | १ | ६ | ८ |
| १६ | स.स.नि./खरिदार | रा.प.अनं.द्वि. | २ | □ | २२२ | २२४ |
| १७ | स.ले.पा. | ,, (लेखा) | १ | □ | ३२ | ३३ |
| १८ | टाईपिष्ट | बेग अनुसार | ४ | २ | ३२ | ३८ |
| १९ | ड्राइभर | श्रेणी विहिन | २ | २ | ६ | १० |
| २० | पियन | ,, | ५ | ५ | ११९ | १२९ |
| | | कूल जम्मा | २९ | १९ | ५४६ | ५९४ |

## ७. नेपाल अधिराज्यका सहकारी संघ/संस्थाहरुको विवरण (२०६२ पौष मसान्तसम्म)

## ८. सहकारी विभागवाट संचालनमा रहेका क्रियाकलापहरु :

- सहकारी सम्वन्धी सूचना प्रणालीको विकास,
- सहकारी प्रणालीको विकास र यसको योगदान सम्वन्धी अध्ययन/अनुसन्धान,
- संस्थागत विकास,
- सहकारी कानूनमा समसामयिक सुधार,
- संस्थागत सुदृढीकरण,
- सहकारी अभियानका सम्वद्ध निकाय एवं संघ/संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम,
- सहकारी अभियानका सम्वद्ध निकायहरुमा संस्थागत प्रतिनिधित्व,
- अनुगमन र नियमन, आदि ।